# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतार
## Non-Resident Nepali Association, National Coordination Council, Qatar

## एनआरएन कप फुटबल प्रतियोगितामा सहभागिताको लागि सुचना

समाजका हरेक विधामा विभिन्न माध्यमबाट योगदान पुर्‍याउदै आइरहेको गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले कतारको नेपाली समुदायमा वढिरहेको फुटवल गतिविधिलाई संस्थागत र समुदायमुखि वनाउन तथा कतारमा रहेका नेपाली फुटबल खेलाडिहरुको प्रतिभालाई प्रबर्द्धन गर्ने उद्देश्यका साथ एनआरएन कप फुटबल प्रतियोगिता आयोजना गर्न गइरहेको जानकारी गराउदै सो प्रतियोगितामा प्रतिष्पर्धा गर्न इच्छुक कतारमा स्थापित खेल संस्थाहरुलाई टिम दर्ता गराउनको लागि यसै सुचना मार्फत अनुरोध गरिन्छ ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुको छनौट गरि भविष्यमा कतारमा रहेका अन्तराष्ट्रिय समुदायका फुटवल टिमसँग खेल्न सक्ने नेपाली समुदायको ***"नेपाली फुटवल टिम"*** निर्माण गरिनेछ । सो प्रतियोगिताको विजयी टिम तथा विभिन्न विधाका सर्वोकृष्ट खेलाडीलाई आकर्षक पुरस्कारको व्यवस्था गरिनेछ ।

## टिम तथा खेलाडिको मापदण्ड

- टिममा कतारमा कार्यरत नेपाली खेलाडि मात्र समावेश हुनुपर्ने । टिमका खेलाडिहरु मेडिकल फिट हुनुपर्ने । एनआरएनए एनसिसिले उपलव्ध गराउने फाराममा स्पष्ट विवरण खुलाई टिमका सदस्य तथा खेलाडीहरुको विवरण उपलव्ध गराउनु पर्नेछ साथै खेलाडीको कतारी आईडि कपि उपलव्ध गराउनु पर्नेछ ।

- कतारमा नवप्रवेशी खेलाडीको हकमा भने भिषा नलागेको अवस्थामा पासपोर्टको कपिमा कतार प्रवेश गरेको स्ट्याम्प लागेको साथै भिषा लाग्ने समयावधि ननाघेको हुनुपर्ने ।

- टिमले अनिवार्य एक जना म्यानेजर, कोच र खेलाडि (११+८) जना चयन गर्नुपर्ने । एउटा टिमको सदस्य अर्को टिममा समावेश गर्न पाईने छैन ।

- खेलाडी १८ वर्षदेखि ३५ वर्ष सम्मको हुनुपर्ने ।

- मध्यपान गरेर आउने, खेल अवधिमा गालि गलौज, अपशव्द प्रयोग गर्ने खेलाडी वा टिमका सदस्यलाई रेफि र व्यवस्थापन समितिले निषेध गर्न सक्नेछ ।

- टिममा समावेश गरिने खेलाडीलाई भौगोलिक क्षेत्रको आधारमा वन्देज लगाईने छैन ।

- खेल संस्था वा टिमको नाम हाल जेसुकै भए तापनी यो प्रतियोगिताको लागि आफ्नो संस्था वा टिमको नाम अगाडी एनआरएनए एनसिसिले तय गरेको राष्ट्रिय गौरव झल्कने नाम जोडिनु पर्नेछ । *उदाहरणको लागि साविकको टिमको नाम* ***"जनजागृति फुटवल क्लव"*** *छ भने यो प्रतियोगिताका लागि* ***"लालिगुँरास जनजागृति फुटवल क्लव"*** *हुनु पर्नेछ ।*

- सम्वन्धित टिमलाई प्रायोजन गर्ने कम्पनी वा संस्थाको नाम जोड्न आवश्यक भएमा जोड्न सकिने ।

- टिमको आर्थिक तथा प्राविधिक जिम्मेवारी सम्वन्धित संस्था वा टिमले नै लिनुपर्ने ।

- टिमको लागि अनिवार्य जर्सी र फुटवल खेल्ने जुत्ताको व्यवस्था गर्नुपर्ने । जर्सीमा अनिवार्य नम्वर हुनुपर्ने र खेलाडीको विवरण जर्सी नम्वरको आधारमा उपलव्ध गराउनुपर्नेछ । दर्ता गरिसके पछि खेलाडी परिवर्तन गर्न पाइने छैन ।

- टिम दर्ताको लागि कतारी रियाल ५०१/– लाग्नेछ ।

- तोकेको मापदण्ड र विवरण भरेर आएको टिम र खेलाडी मात्र दर्ता गरिनेछ ।

- टिम दर्ता तथा प्रतियोगिता सम्वन्धि सम्पुर्ण अधिकार एनआरएनए एनसिसिको प्रतियोगिता व्यवस्थापन समिति र आवश्यकता वमोजिम मुल समितिलाई हुनेछ ।

## खेलको ढाँचा तथा प्रतियोगिता हुने मिति

- टिम दर्ता ११ अगष्ट २०१४ सम्ममा गरिसक्नु पर्नेछ ।

- प्रतियोगिताको औपचारिक शुरुवात २८ अगष्टवाट गरिनेछ ।

- विहिवार वेलुका, शुक्रवार दिउसो र वेलुका खेल खेलाईनेछ ।

- खेल मैदान उपलव्धताको आधारमा मिति र समय तोकिनेछ ।

- सुचना प्रकाशन एनसिसिको वेभसाईट, फेसवुक र अन्य मिडियावाट गरिनेछ । साथै खेल सम्वन्धि तालिका आगामी १३ अगष्टसम्ममा सार्वजनिक गरिनेछ ।

## सम्पर्कका लागि प्रतियोगिता व्यवस्थापन समिति

- संयोजक: टिएन वराल (३३८५७९०९)

- सहसंयोजक: दिपक खड्का (३०१६३५५२)